# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाण्डौं, असार २० गते, २०७३ साल ( संख्या १३


## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

<u>भन्सार (सातौं संशोधन) नियमावली, २०७३</u>

भन्सार नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भन्सार ऐन, २०६४ को दफा ९२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरुको नाम "भन्सार (सातौं संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>भन्सार नियमावली, २०६४ को नियम ८ मा संशोधन</u> : भन्सार नियमावली, २०६४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ८ को,-

(१) उपनियम (१७) को सट्टा देहायको उपनियम (१७) राखिएको छ :-

"(१७) कुनै व्यक्तिले आफूले पैठारी गरेको वा नेपालभित्र खरिद गरेको बस वा ट्रकको चेसिस पैठारी वा खरिद गरेको मितिले तीन महिनाभित्र बडी बनाउनको लागि निकासी गर्न चाहेमा त्यस्तो चेसिस पैठारी गर्दाको प्रज्ञापनपत्र वा बीजक संलग्न गरी भन्सार अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।"

(२) उपनियम (२०) मा रहेको "पैठारीकर्ताले" भन्ने शब्दको सट्टा "सम्बन्धित व्यक्तिले" भन्ने शब्दहरु राखिएका छन् ।

३. <u>मूल नियमावलीको नियम २९ मा संशोधन</u> : मूल नियमावलीको नियम २९ को सट्टा देहायको नियम २९ राखिएको छ :-

"२९. <u>न्यून बीजकीकरण भई पैठारी भएको मालवस्तु खरिद गर्ने सम्बन्धी व्यवस्था</u> : ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम मालवस्तु खरिद गर्ने प्रयोजनको लागि नेपाल

सरकारले विभागलाई आवश्यक रकम उपलब्ध गराउनेछ।"

४. मूल नियमावलीको नियम ३० मा संशोधन : मूल नियमावलीको नियम ३० को सट्टा देहायको नियम ३० राखिएको छ :-

"३०. खरिद गरिएको मालवस्तु लिलाम गर्न वा सरकारी प्रयोगमा ल्याउन सकिने : ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम खरिद गरिएको मालवस्तु परिच्छेद-७ बमोजिम लिलाम बिक्री गर्न वा सरकारी प्रयोगमा ल्याउन सकिनेछ ।"

५. मूल नियमावलीको नियम ३१ मा संशोधन : मूल नियमावलीको नियम ३१ को सट्टा देहायको नियम ३१ राखिएको छ :-

"३१. पैठारीकर्तालाई जानकारी दिनु पर्ने : ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम मालवस्तु खरिद गर्नु परेमा भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई वा निजको भन्सार एजेन्टलाई त्यसको लिखित सूचना अनुसूची-४ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।"

६. मूल नियमावलीको नियम ४७ मा संशोधन : मूल नियमावलीको नियम ४७ को उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ :-

"(५) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सुन, चाँदी वा जवाहिरात

सम्बन्धी मुद्दामा सुराकी दिने र त्यस्तो मालवस्तु मानिस सहित वा मानिस बाहेक पक्री पेश गर्ने व्यक्तिलाई पुरस्कार दिँदा त्यस्तो मालवस्तु लिलाम वा बिक्रीबाट प्राप्त भएको रकमको दश प्रतिशत वा दश लाख रुपैयाँमध्ये जुन घटी हुन्छ सोही रकम पुरस्कार दिइनेछ ।"

७. मूल नियमावलीको नियम ५३क. मा संशोधन : मूल नियमावलीको नियम ५३क. को उपनियम (१) मा रहेका "सात दिनभित्र" भन्ने शब्दहरुको सट्टा "पन्ध्र दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।